आदरणीय सभाध्यक्ष महोदय,
गाउँकार्यपालिकाका सदस्य ज्युहरु,
गाउँसभाका सदस्य ज्युहरु,
सम्पूर्ण कर्मचारी मित्रहरु ,
पत्रकार मित्रहरु एवं
उपस्थित सम्पूर्ण महानुभावहरु,

नेपालको संबिधान अनुसार गठित  स्थानीय सरकारको रुपमा रहेको यस मर्चवारी गाउँपालिकाको गरिमामय  गाउँसभामा आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मलाई अत्यन्त गर्भ लागेको छ | यस ऐतिहासिक अवसरमा राष्ट्रिय स्वतन्त्रता,सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात-अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु |

नेपालको संविधान २०७२,स्थानीय सरकार संचालन ऐन २०७४,संघीय एवं प्रादेशिक आर्थिक नीति,यस गाउँपालिकाको नीति तथा कार्यक्रम,उपलब्ध स्रोत-साधन ,विकासका अन्तर-सम्बन्धित विषयहरु ,गाउँसभाका सदस्यहरुको सुझाव एवं समस्त मर्चवारी गाउँबासीहरुको आवश्यकता एवं मागलाई आधारमानी यो बजेट तथा कार्यक्रम निर्माण गर्न ध्यान पुर्याएको छु |

वित्तीय संघीयताको मर्म अनुरुप गाउँपालिकाले संघीय एवं  प्रदेश सरकारबाट वित्तीय समानीकरण,शसर्त अनुदान,राजस्व बाँडफाँड अन्य श्रेतहरु एवं आन्तरिक स्रोतलाई समेत ध्यान दिई बजेट तर्जुमा गरेको छु | आर्थिक बिकासलाई प्रमुख प्राथमिकता दिदै जनताको आकांक्षा एवं जनप्रतिनिधिहरुको विकासको चाहनालाई  पुरा गर्न मौजुदा कानुनी

व्यवस्थाको परिधिमा रही बजेट तर्जुमाको प्रयास गरेको छु | आर्थिक विकास तथा सामजिक भित्र पर्ने गरिबी घटाउने र रोजगार सृजना बृद्धिमा प्रत्यक्ष योगदान पुर्याई,उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर,आम्दानी र रोजगारी बढ्ने,स्थानीय जनसहभागिता जुट्ने,स्थानीय स्रोत-साधन र सिपको अधिकतम प्रयोग हुने,महिला,बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,लैंगिक समानता र सामाजिक समाबेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रम लाई बजेटमा प्राथमिकता दिएको छु |

सभाध्यक्ष महोदय,

आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रमले गाउँपालिका भित्र सुशासन प्रवर्द्धन गरी विकास आयोजना एवं कार्यक्रमहरुलाई नतिजामुलक र उत्पादन मुलक बनाउने,सामाजिक- आर्थिक रुपमा पछाडी परेका वर्गहरुलाई स्वरोजगार सृजना गरी आत्मनिर्भर तर्फ उन्मुख गराउने,गाउँपालिकाभित्र रहेका सम्पूर्ण टोल /बस्तीको सन्तुलित विकास गर्ने,विकासको दृष्टिकोणले पछाडि परेका सम्पूर्ण वर्ग,समुदायलाई विकासको मुलधारमा ल्याउने जस्ता उदेश्यहरु पुरा गर्नेछ भन्ने अपेक्षा गरेको छु ।

सभाध्यक्ष महोदय ,

अब म आगामि आर्थिक वर्ष २०८२/८३ को अनुमानित आय-व्यय प्रस्तुत गर्न चाहन्छु ।

| आर्थिक वर्ष २०८२/८३ को श्रोत अनुमान (आय तर्फ) | |
|---|---|
| शीर्षक | आ.व २०८२/०८३ को आय अनुमान |
| आन्तरिक श्रोत | २ करोड ९५ लाख ३९ हजार |
| गत वर्षको अल्या | २ करोड ५० लाख |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम संघिय सरकार | ९५५१३५७२ नौ करोड पचपन्न लाख तेह्र हजार पाच सय बहत्तर |
| सवारी साधन कर बाडफाड रकम प्रदेश सरकार | ८७६६००० सतासी लाख छयासठी हजार |
| संघीय सरकार | |
| समानिकरण अनुदान | ११८०००००० एघार करोड असि लाख |
| शसर्त अनुदान  चालु | १६९६००००० सोह्र करोड छ्यानब्बे लाख |
| शसर्त अनुदान  पुंजीगत | ५५००००० पचपन्न लाख |
| प्रदेश सरकार | |

| | |
|---|---|
| समानिकरण अनुदान | ८१८५००० एकासी लाख पनच्यासी हजार |
| शसर्त अनुदान पूजिगत | ७३००००० त्रिहत्तर लाख |
| समपुरक अनुदान पुँजीगत | ७५००००० पचहत्तर लाख |
| विशेष अनुदान | १७००००० सत्र लाख |
| जम्मा | **४७६६१३५७२ सतचालिस करोड छ्यासठ्ठी लाख तेह्र हजार पाच सय बहत्तर मात्र ।** |

## क) व्ययतर्फ

| | |
|---|---|
| चालु तर्फ | ९ करोड ५५ लाख १३ हजार ५ सय बहत्तर |
| वडा तर्फ | ८ करोड ४० लाख |
| समपुरक अनुदान गा पा | ७५ लाख |
| समपुरक अनुदान प्रदेश | ७५ लाख |
| कृषि | १० लाख |
| शिक्षा | ३ करोड ५० लाख |
| पशु | ५ लाख |
| स्वास्थ्य | १ करोड ५० लाख |
| विपद व्यवस्थापन कोष | १५ लाख |
| शशर्त अनुदान संघ | १६ करोड ९६ लाख |
| शशर्त अनुदान पूजिगत प्रदेश | ७३ लाख |
| विशेष अनुदान प्रदेश | १७ लाख |
| गा पा अध्यक्षका योजना | २ करोड |
| उपाध्यक्षका योजना | १ करोड ५५ लाख |
| गाउँपालिका सभाहल निर्माण | ७५ लाख |

| | |
|---|---|
| वास (Wash ) प्रोगाम साझेदारी | ५ लाख |
| **जम्मा** | ४७६६१३५७२ सतचालिस करोड छ्यासठ्ठी लाख तेह्र हजार पाच सय बहत्तर मात्र । |

सशर्त अनुदान तथा अन्य अनुदान तर्फ विनियोजन भएको रकम लाई तोकिए बमोजिम स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने प्रस्ताव गरेको छु |मचर्वारी गाँउपलीकाके चालु तर्फ विनियोजित रकम निर्वाचित पदाधिकारीकहरुको पारीश्रमिक, अन्य सेवा सबिधा तथा बैठक भत्ता र कर्मचारीहरुको तलब भत्ता तथा अन्य सुविधा,कार्यालय संचालन लगायत प्रशासनिक खर्चमा खर्च हुने गरी प्रस्ताव गरेको छु |

आदरणीय उपस्थित महानुभावहरु,

अब म यस मर्चवारी गाउँपालिकाको एतिहासिक गाउँसभामा गाउँपालिकावाट सचालित एवं वडा कार्यालयवाट संचालित योजनाहरु तथा आयेजनाहरुमा विनियोजन गरिएको अनुमानित रकम प्रस्तुत गर्न चाहन्छु |

**नोटः बार्षिक आयेजना तथा कार्यक्रमहरु पुस्तिकामा उपलव्त्ध गराईने छ ।**

आदरणीय सभाध्यक्ष,सदस्यहरु एवं सम्पूर्ण महानुभावहरु,

यस गाउँपालिकाको बजेट तथा कार्यक्रम तयारीको विभिन्न चरणमा मार्गनिर्देशन दिनुहुने गाउँपालिका अध्यक्ष ज्यु,आफ्नो अमुल्य सुझाव र सहयोग सहित सहभागी हुनुभएका सम्पूर्ण जनसमुदायहरु,गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, गाउँकार्यपालिकाका सदस्य ज्युहरु, गाउँसभाका सदस्य ज्युहरु,विषयगत समितिका संयोजक एवं सदस्यहरु,सम्पूर्ण कर्मचारी मित्रहरु,नागरिक समाज,पत्रकार मित्रहरु,सुरक्षाकर्मी लगायत अन्य सम्पूर्ण सरोकारवालाहरुमा समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु |यसै गरी सहभागितात्मक योजना तर्जुमाको प्रक्रियाको शुरुवात संगै आजको यस गाउँसभालाई सफलतापुर्वक सम्पन्न गर्न खटिनु हुने गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु एवं पदाधिकारीहरुको योगदानको उच्च मुल्यांकन गर्दै हार्दिक आभार व्यक्त गर्न चाहन्छु | मर्चवारी गाउँपालिकाको सीमित स्रोत र साधनले एकै वर्ष नागरिकका असीमित चाहना र अवश्यकता पुरा गर्न संभव छैन र हुन पनि सक्दैन | यस गाउँपालिकाको समग्र विकास गुरुयोजना तयार गरी वस्तुगत यथार्थ

र धरातलमा उभिएर समस्यहरुको समाधान गर्न एवं चुनौतिहरुको सामना गर्न हामी सबै प्रतिबद्ध,कटिवद्ध र एकताबद्ध छौ |

अन्त्यमा,प्रस्तुत बजेट तथा कार्यक्रमहरु कार्यान्वयनमा यँहाहरु सबैबाट रचनात्मक सहयोग प्राप्त हुने विश्वास लिएको छु | साथै,यस मर्चवारी गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम एवं अर्थ सम्बन्धि प्रस्ताव लाई कार्यान्यावन  गर्न बनेको विधेयक उक्त बजेट तथा कार्यक्रम लाई नियमन गर्ने आर्थिक ऐन,२०८२ र विनियोजन ऐन,२०८२ लाई समेत सर्वसहमति बाट पारित गरिदिनु हुन माननीय गाउँसभाका सदस्य ज्यूहरुलाई हार्दिक अनुरोध गर्दछु |

धन्यबाद ! नमस्कार !

# मर्चवारी गाउँपालिका

## रायपुर,रुपन्देही

१८ औ गाउँसभा तथा अधिबेशन

आ.ब २०८२/८३ को बार्षिक बजेट

तथा कार्यक्रम